नेरेसो

# रेडक्रस

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५५, अंक १ | २०८० भाद्र | Aug.-Sept. 2023

# "नेपाल रेडक्रस सोसाइटी नेपालको अग्रणी परोपकारी संस्था हो"- मन्त्री आचार्य






बनेपा, भाद्र । नेपाल रेडक्रस सोसाइटीको बार्षिक साधारण सभा सोसाइटीको राष्ट्रिय तालिम केन्द्र बनेपामा भाद्र ८ र ९ गते सम्पन्न भएको छ। महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री माननीय सुरेन्द्रराज आचार्यको प्रमुख आतिथ्यतामा सभाको उद्घाटन सत्र सम्पन्न भएको थियो ।

केन्द्रीय सभाको साधारण सभामा समाज कल्याण परिषद्का उपाध्यक्ष र कोषाध्यक्ष, जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका उपप्रमुख, काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायत सरकारी निकायका विभिन्न उच्च पदस्थ व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । नेपाल रेडक्रस सोसाइटीका ७ वटै प्रदेश, ७७ जिल्ला शाखामध्ये ७० जिल्ला शाखा र जुनियर तथा युवा रेडक्रस सर्कलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।



उद्घाटन सत्रलाई सम्बोधन गर्दै माननीय मन्त्री सुरेन्द्रराज आचार्यले रेडक्रस अभियानले संसारभरि पुऱ्याएको मानवीय सेवाको उच्च प्रशंसा गर्दै भन्नुभयो, "नेपाल रेडक्रस सोसाइटी नेपालको अग्रणी परोपकारी संस्था हो। यसले अनवरत मानवीय सेवा प्रदान गर्दै आएको छ। नेपाल रेडक्रस सोसाइटीले मानवीय मूल्य प्रवर्द्धनमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दछु ।"

मन्तव्यका क्रममा समाज कल्याण परिषद्का उपाध्यक्ष मोनिका भट्टराई अधिकारीले नेपाल रेडक्रस सोसाइटीले नेपाल सरकारको सहयोगी भूमिकामा विपद् व्यवस्थापन तथा अन्य सेवा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सबैलाई सेवा भावनाबाट अगाडि

(बाँकी पृष्ठ २ मा)

## संस्थाको नवीकरण र विधान संशोधन प्रक्रियालाई सम्पन्न गर्न साधारण सभाद्धारा निर्देश

भाद्र ८ र ९ गते काभ्रेपलाञ्चोकको बनेपामा सम्पन्न नेपाल रेडक्रस सोसाइटीको बार्षिक साधारण सभाले संस्था नवीकरणसँग सम्बन्धित विषयहरूलाई छिटोभन्दा छिटो टुङ्ग्याउन र समयानुकूल संस्थाको विधान संशोधन गर्ने प्रक्रियालाई कार्यतालिका बनाई सम्पन्न गर्न निर्देश गरेको छ ।

रेडक्रस ऐन तर्जुमाका लागि नेपाल सरकार र सम्बन्धित सरोकारवाला निकायसँग पैरवी गरी ऐन तर्जुमा सहजीकरणका लागि यथाशीघ्र कार्य गर्न, हाल देशभर फैलिएको डेङ्गु नियन्त्रण र मनसुनजन्य विपद्मा प्रभावकारी तरिकाले गतिविधिहरू सञ्चालन गर्न आफ्ना सबै निकायहरूलाई आह्वान गर्दै रेडक्रस अभियानका अंगहरू रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र साझेदार निकायहरूसँगको सम्पर्क र समन्वय थप सुदृढ बनाउने प्रस्ताव पनि सभाले पारित गरेको छ ।

बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउन अभियान नै सञ्चालन गर्ने, रक्तसञ्चार सेवालाई थप प्रभावकारी, सर्वसुलभ, गुणस्तरीय, प्रविधिमैत्री बनाउन सरकारी मापदण्डअनुसार नीतिगत अनुकुलन गरी कार्यान्वयन गर्ने सभाले संकल्प गरेको छ ।

सभामा केन्द्रीय कार्यसमितको तर्फबाट महामन्त्री भूपतिलाल श्रेष्ठले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/०७९ को प्रगति प्रतिवेदन तथा आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित कार्यक्रम अनुमोदन गरेको छ भने आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित कार्यक्रम रणनीतिअनुरुप कार्यान्वयन गर्न सभाले स्वीकृत गरेको छ

सोसाइटीका कोषाध्यक्ष वीरबहादुर बस्नेतले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/०७८ र २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन तथा आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित बजेट सभाले छलफल पश्चात अनुमानेदन गरेको छ ।

यसै गरी कोषाध्यक्ष बस्नेतले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट साधारण तर्फ रु. ६० करोड ४२ लाख १७ हजार र विकासतर्फ ८७ करोड १२ लाख ८७ हजारको बजेट कार्यान्वयन गर्न सभाले स्वीकृत गरेको छ ।

# सम्पादकीय

## निरन्तर मानव सेवामा नेपाल रेडक्रस सोसाइटी

यस वर्ष भाद्र १९ गतेका दिन नेपाल रेडक्रस सोसाइटीको ६१औं स्थापना दिवस "**#मनैदेखि सेवा**" (**#FromTheHeart**) भन्ने नाराका साथ मनाइएको छ । २०२० साल भाद्र १९ गते विश्व रेडक्रस अभियानको अभिन्न अंगको रूपमा नेपाल रेडक्रस सोसाइटीको स्थापना भएको हो । वि.सं. २०२० साल माघ २४ गते तत्कालीन नेपाल सरकारले जेनेभा महासन्धिहरूमा हस्ताक्षर गरी सम्मिलित भएपछि प्रचलित कानुनअनुसार राष्ट्रभरि कार्य गर्ने गरी नेपाल रेडक्रसलाई सरकारबाट मान्यता प्राप्त भएको थियो । कुनै पनि धर्म, वर्ण, लिङ्ग, वर्ग, जात, जाति, राष्ट्रियता वा राजनीतिक विचारधाराको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्ने नेपाल रेडक्रसको उद्देश्य रहेको छ ।

हाल नेपाल रेडक्रस सोसाइटीको सात वटा प्रदेश समिति, ७७ जिल्ला शाखा, सबै स्थानीय तहमा गरी १ हजार ६ सय ३ उपशाखा, १ सय ३३ सहयोग समिति र ६ हजार ६ सय ३२ जुनियर तथा युवा रेडक्रस सर्कल गरी ८ हजारभन्दा बढी रेडक्रसका निकायहरूको सांगठनिक सञ्जाल रहेको छ । यी सबै निकायहरूमा गरी १२ लाखभन्दा बढी सदस्य र स्वयंसेवकहरू आवद्ध रहेका छन् ।

देशका ७० जिल्लाका १ सय १ स्थानमा नेपाल रेडक्रस सोसाइटीका रक्तसञ्चार सेवा केन्द्र तथा इकाईहरूबाट गत एक वर्षमा २ लाख ४२ हजार ४८ युनिट रगत संकलन भएको छ भने रगत र रक्ततत्वसहित ३ लाख ३१ हजार ५ सय ५६ युनिट विरामीलाई उपलब्ध गराइएको छ । यसैगरी सोसाइटीका सबै निकायद्धारा सञ्चालित १७२ एम्बुलेन्स सेवाबाट यस वर्ष ६८ हजार ४ सय विरामी तथा घाइतेहरू लाभान्वित भएका छन् । यसैगरी प्राथमिक उपचार सेवा तर्फ यस बर्ष नेरेसोबाट १५ हजार ४ सय ४३ जनाले सेवा पाएका छन् ।

नेपाल रेडक्रस सोसाइटीले नेपाल सरकारको नीति तथा कार्यक्रमअनुरूपका विपद् व्यवस्थापन र स्वास्थ्य सेवा र अन्य सेवामूलक गतिविधिहरूमा सहयोगी भूमिका निर्वाह गर्दछ । स्थापनाकालमा तिब्बती शरणार्थीहरूको सेवाबाट आफ्नो कार्य शुरु गरेको नेपाल रेडक्रस सोसाइटीले विपद् तथा संकट व्यवस्थापन, रक्तसञ्चार, एम्बुलेन्स, प्राथमिक उपचार, सामुदायिक विकास, खानेपानी सरसफाइ तथा स्वच्छता, आँखा उपचार, रेडक्रस अभियान र अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचारप्रसार, सङ्गठन विकास, जुनियर युवा र लैङ्गिक तथा समावेशीकरणजस्ता गतिविधिहरू सञ्चालन गर्दै आएको छ । यी गतिविधिहरूबाट वर्षेनी ३० लाखभन्दा बढी व्यक्तिहरू लाभान्वित हुँदै आएका छन् । यस्ता सेवामूलक कार्यहरू अझ बृद्धि गर्दै जानु आवश्यक छ ।

नेपाल रेडक्रस सोसाइटीद्वारा विपद् तथा संकट व्यवस्थापन कार्यक्रमअन्तर्गत समुदायमा सञ्चालित विपद् पूर्वतयारी, मनसुन प्रतिकार्य, उत्थानशील एवं जीविकोपार्जन कार्यक्रम, विपद् जोखिम तथा न्यूनीकरण, पारिवारिक सम्पर्कको पुन:स्थापना सेवालगायतका गतिविधिहरू लगायत मौसमी विपद तथा संकटको सामना गर्न सोसाइटीका सबै निकाय सबल हुनु आवश्यक छ । यस अभियानमा हामी सबैले एकताबद्ध मनैदेखि सेवा पुऱ्याउन सक्नु नै आजको आवश्यकता हो ।

प्रधान सम्पादक : भूपतिलाल श्रेष्ठ
कार्यकारी सम्पादक : बिपुल न्यौपाने
सहायक सम्पादक : नरेन्द्र श्रेष्ठ

## विश्व वेपत्ता विरूद्धको दिवस सम्पन्न

हरेक वर्ष अगष्ट ३० तारिखका दिन मनाइने विश्व वेपत्ता विरुद्धको दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूद्वारा विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।

दिवसका अवसरमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाले वेपत्ता व्यक्तिका परिवारजनसँग अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ । सो कार्यक्रममा वेपत्ता व्यक्तिका परिवारका सदस्य, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, नेपाल रेडक्रस, नेपाल पत्रकार महासंघका प्रतिनिधिहरू गरी ३० जनाको सहभागिता रहेको थियो । भक्तपुर जिल्ला शाखाले वेपत्ता परिवारका सदस्यहरूलाई कम्बल र स्यानीटाइजर पनि वितरण गरेको छ ।

दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी, ललितपुर, काभ्रेपलाञ्चोक, नवलपरासी पूर्व, चितवन र रोल्पा जिल्ला शाखाहरूले पनि दीप प्रज्वलनका साथै अन्तर्क्रिया र भेटघाट कार्यक्रमको आयोजना गरिएको शाखाहरूले जनाएका छन् । ●

(पृष्ठ १ को बाँकि)

## नेपाल रेडक्रस ...

बढ्न अनुरोध गर्नुभयो । यसैगरी जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका उपप्रमुख रिमबहादुर तामाङले जो कसैले पनि नेपाल रेडक्रस सोसाइटीको नाम सुन्ने वित्तिकै मनमा एक प्रकारको छुट्टै उत्प्रेरणा (Vibration) पैदा हुने कुरा व्यक्त गर्नुभयो । साथै उपप्रमुख तामाङले नेपाल रेडक्रस सोसाइटीको कानुनी आधार सवल बनाई सहयोग पुऱ्याउन नेपाल सरकारसमक्ष आग्रह गर्नुभयो ।

उद्घाटन सत्रमा बोल्दै काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी पूण्यविक्रम पौडेलले नेपाल रेडक्रस सोसाइटीको मूल मर्म र धर्म 'सेवा' गर्ने भएकाले रेडक्रसले समुदायमा पुऱ्याउने सेवा कार्यमा सबैले सहयोग पुऱ्याउन अनुरोध गर्नुभयो । उहाँले भन्नुभयो, "नेपाल सरकारको सफलता नै नेपाल रेडक्रस सोसाइटीको पनि सफलता हो । यस कारण नेपाल रेडक्रस सोसाइटीको कानुनी संरचना निर्माण गर्न माननीय मन्त्रीज्यूमार्फत् नेपाल सरकारसमक्ष अनुरोध गर्दछु ।"

सभालाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले नेपाल रेडक्रस सोसाइटी सबैको साझा फूलवारी भएकाले यसको जोगेर्ना गर्नु सबै रेडक्रसकर्मी तथा रेडक्रसप्रेमीहरूको दायित्व रहेको स्मरण गराउँदै नेपाल रेडक्रस सोसाइटीको बैधानिक दायित्व पूरा गर्न सहजीकरणका लागि नेपाल सरकारका सबै निकायसँग आग्रह गर्नुभयो ।

सभामा नेपाल रेडक्रस सोसाइटीका सम्पूर्ण प्रदेशहरूको प्रतिनिधित्व गर्दै नेरेसो मधेस प्रदेशका अध्यक्ष फूलमहमद मियाले रेडक्रस कानुननै अहिलेको पहिलो प्राथमिकता रहेको बताउनुभयो । यसैगरी जिल्ला शाखाको प्रतिनिधित्व गर्दै नेरेसो रूकुम पश्चिमका सभापति रमा गौतमले नेपाल रेडक्रस सोसाइटीको कानुन निर्माणका लागि सरकारसँग आग्रह गर्दै सम्पूर्ण रेडक्रसकर्मीहरूलाई संस्थाको स्वार्थमा मात्र केन्द्रित हुन आग्रह गर्नुभयो ।

सभामा युवा रेडक्रस सर्कलको प्रतिनिधित्व गर्दै छात्रातर्फ बालकोट युवा सर्कल भक्तपुरकी सचिव कृति लामिछाने र छात्रतर्फ नीलकण्ठ बहुमुखी क्याम्पस धादिङका युवा रेडक्रस सर्कलका सहसचिव रोशन बयलकोटीले जुनियर/युवा रेडक्रस सर्कलहरू नेपाल रेडक्रसका आधार भएको बताउनुभयो । युवाहरूको प्रतिनिधित्व गर्दै बयलकोटीले युवाहरूलाई नेतृत्व गर्ने अवसर प्रदान गर्न आग्रह गर्नुभयो । साथै जुनियर सर्कलको प्रतिनिधित्व गर्दै श्री कमल आधारभूत विद्यालय काठमाडौंका जुनियर सर्कलका सदस्य निश्चल थापामगरको उपस्थिति रहेको थियो ।

सभामा उपस्थित सम्पूर्ण रेडक्रसकर्मीहरूलाई नेरेसोका उपाध्यक्ष राधा नेपालीले स्वागत गर्नु भएको थियो भने अर्का उपाध्यक्ष सुरेन्द्र सिंह ऐरेले धन्यवाद मन्तव्य राख्नु भएको थियो । कार्यक्रम सञ्चालन नेरेसोका उपमहामन्त्री मनोजकुमार थापाले गर्नु भएको थियो । ●

● व्यक्ति आफ्नो बिचारहरूद्धारा निर्माण गरिएको जीव हो, उ जे सोच्छ तेहि बन्छ । - महात्मा गाँन्धी ।

# नेपाल रेडक्रसको ६१औं स्थापना दिवसका अवसरमा पर्वतारोही शेर्पा सम्मानित




काठमाडौं, भाद्र १९ गते । नेपाल रेडक्रस सोसाइटीको ६१औं स्थापना दिवस "**#मनैदेखि सेवा**" (**#FromTheHeart**) भन्ने नाराका साथ देशभर विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइएको छ ।

यसै उपलक्ष्यमा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा आयोजना गरिएको विशेष कार्यक्रममा पर्वतारोही मिङमार शेर्पालाई सम्मान गरिएको छ । शेर्पाले यसै वर्ष विश्वको सर्वोच्च शिखर सगरमाथा र दोस्रो सर्वोच्च शिखर माउण्ट केटु आरोहण गरी नेपाल रेडक्रसको झण्डा फहराई रेडक्रस अभियानको विश्वव्यापी प्रचार गर्नु भएकोले उहाँलाई दिवसको अवसरमा सम्मान गरिएको हो । सो कार्यक्रममा उहाँलाई नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले आँखीझ्यालसहितको प्रशंसा पत्र प्रदान गरी सम्मान गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै सोसाइटीका अध्यक्ष नेपालले सर्वोच्च शिखर सगरमाथामा रेडक्रसको झण्डा फहराई विश्वभरि नेपाल रेडक्रसलाई चिनाउनु भएकोमा आभार व्यक्त गर्नुभयो । पर्वतारोही शेर्पाले यसै वर्ष सगरमाथाका साथै पाकिस्तानको माउण्ट केटु पर्वत आरोहण गरी नेपाल रेडक्रसको झण्डा फहर इसकेको र आगामी दिनमा पनि यो अभियानलाई जारी राख्ने बताउनुभयो ।

सोही अवसरमा नेपाल रेडक्रसका पूर्व कार्यकारी निर्देशक तीर्थराज वन्तलाई पनि सम्मान गरिएको थियो । वन्तले आफ्नो कार्यकालमा नेपाल रेडक्रस सोसाइटीका कर्मचारीको हितमा कर्मचारी कल्याण कोष स्थापना गरी महत्वपूर्ण योगदान पुऱ्याउनु भएको थियो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको स्थापना दिवसका अवसरमा आयोजित फुटसल, हाजिरी जवाफ, चेसलगायत प्रतियोगिताका विजयी कर्मचारी, मानवीय सेवामा सहयोग पुऱ्याउने विभिन्न निकायहरू, २५ वर्ष सेवा गरिसकेका रेडक्रसका कर्मचारीहरूलाई सम्मान गरिएको थियो । साथै कक्षा ८ र एसइई परीक्षामा उत्कृष्ट अङ्क ल्याउने कर्मचारीका छोराछोरीहरू र रेडक्रससम्बन्धी उत्कृष्ट लेख, रचनाका सहभागीहरूलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटीका कार्यवाहक महामन्त्री मनोजकुमार थापाले संस्थाले बोकेको पवित्र उद्देश्य पूरा गर्न अहोरात्र खटिने रेडक्रसका स्वयंसेवक र कर्मचारीहरूको योगदानको चर्चा गर्दै धन्यवाद व्यक्त गर्नुभयो । साथै नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष बीर बहादुर बस्नेतले नेपाल रेडक्रस सोसाइटीलाई विवाद रहित र अनुशासित बनाउन रेडक्रसका सिद्धान्तहरूको पालना गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो । यसैगरी युवाहरूको प्रतिनिधित्व गर्दै युवा रेडक्रस सर्कल नेपाल कर्मस क्याम्पसका अध्यक्ष प्रसूना खड्काले रेडक्रस दिवसको अवसरमा युवा स्वयंसेवकहरूको प्रतिनिधित्व गरी आफ्ना विचारहरू व्यक्त गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटीले गरेका सेवा तथा विकासमूलक गतिविधिहरूको बारेमा प्रकाश पार्दै सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले विपद् तथा संकट व्यवस्थापन कार्यक्रमअन्तर्गत समुदायमा सञ्चालित विपद् पूर्वतयारी, मनसुन प्रतिकार्य, रक्तसञ्चार र एम्बुलेन्स सेवा, उत्थानशील एवं जीविकोपार्जन कार्यक्रम, विपद् जोखिम तथा न्यूनीकरण, पारिवारिक सम्पर्कको पुनःस्थापना सेवालगायतका गतिविधिहरूबाट गरी ३० लाखभन्दा बढी व्यक्तिहरू लाभान्वित भएको बताउनुभयो ।

दिवसकै अवसरमा बोल्दै नेपाल रेडक्रस कर्मचारी संघका अध्यक्ष विष्णुप्रसाद तिमिल्सिना र कर्मचारी कल्याण कोषका सभापति अमरमणि पौडेलले रेडक्रसमा स्वयंसेवक र कर्मचारीको सहकार्यमा मात्र मानवीय सेवाकार्यलाई अझ प्रभावकारी बनाउन सकिने बताउनुभयो ।

सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय पदाधिकारी र सदस्यहरू, काठमाडौं उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला शाखाका पदाधिकारी, युवा स्वयंसेवकहरू, केन्द्रीय कार्यालय तथा जिल्ला शाखाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

यसैगरी नेपाल रेडक्रस सोसाइटीका विभिन्न जिल्ला शाखाहरूबाट पनि विविध कार्यक्रमको अयोजना गरी स्थापना दिवस मनाइएको छ ।

नेपाल रेडक्रस सोसाइटी **रोल्पा** जिल्ला शाखाको आयोजनामा नेपाल रेडक्रस सोसाइटीको ६१औं स्थापना दिवसको अवसरमा जलजला बहुमुखी क्याम्पस लिबाङमा अध्ययनरत ७७ जना विद्यार्थीहरूको रक्त समूह पहिचान गरी कार्यक्रम सम्पन्न गरिएको शाखाले जनाएको छ ।

दिवसकै अवसरमा नेपाल रेडक्रस सोसाइटी **काठमाडौं** जिल्ला शाखाद्वारा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम आयोजना गरिएको छ । सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका स्थापनाकालका सदस्य डा. गौरीशंकरलाल दासलाई सम्मान गरिएको शाखाले जनाएको छ ।

दिवसको अवसरमा **बागलुङ** जिल्ला शाखाद्वारा रेडक्रसका गतिविधिको बारेमा प्रचार प्रसारका लागि आयोजित ऱ्यालीले बागलुङ बजार परिक्रमा गरेको शाखाले जनाएको छ ।

**बझाङ** जिल्ला शाखाले दिवसका अवसरमा जिल्ला अस्पताल बझाङमा रहेका बिरामीहरुलाइ फलफूल वितरण गरेको छ ।

यस्तै **तनहुँ** जिल्ला शाखाले जुनियर तथा युवा रेडक्रसका विद्यार्थीहरूको लागि एकदिने प्राथमिक उपचार तालिम कार्यक्रम सम्पन्न भएको छ ।

**सुर्खेत** जिल्लामा सबैभन्दा बढी एकै दिनमा ८७ युनिट रगत सङ्कलन गर्ने सुर्खेत उद्योग बाणिज्य संघलाई दिवसको अवसरमा सम्मान गरी प्रमाणपत्र प्रदान गरेको छ ।

नेपाल रेडक्रस सोसाइटी युवा रेडक्रस सर्कल एड्भान्स एकेडेमीका विद्यार्थीहरू बीच रङ्ग भर प्रतियोगिता सम्पन्न भएको छ ।

स्थापना दिवसकै अवसरमा **नवलपरासी पूर्व** जिल्ला शाखा र उपशाखाहरूद्वारा अस्पतालका बिरामीलाई फलफूल वितरण, जुनियर युवा सर्कलका संरक्षकसगँ अन्तर्क्रिया, रक्तदान लगायतका कार्यक्रमहरू सम्पन्न भएका छन् । ●

(थप समाचार पृष्ठ ८ मा)

## ‘प्रविधिको युगमा प्राथमिक उपचार’

# विश्व प्राथमिक उपचार दिवस सम्पन्न

नेपाल रेडक्रस सोसाइटीले हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिवार देशैभर विभिन्न कार्यक्रमहरूको आयोजना गरी विश्व प्राथमिक उपचार दिवस मनाउँदै आएको छ । यो वर्ष ‘प्रविधिको युगमा प्राथमिक’ भन्ने नाराका साथ भाद्र २३ गते शनिबार नेरेसो केन्द्र लगायत विभिन्न जिल्ला शाखाहरूमा विविध कार्यक्रमहरूको आयोजाना गरी दिवस मनाइएको समाचारहरू प्राप्त भएका छन् ।

यसै सन्दर्भमा भाद्र २२ गते नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा कर्मचारीहरूलाई आधारभूत जीवन सहायता अभिमुखीकरण सञ्चालन गरिएको छ । दुई शत्रमा सञ्चालन गरी प्राथमिक उपचारका सीप र जीवन उपयोगी आधारभूत ज्ञान प्रदान गरिएको सो कार्यक्रममा विभिन्न विभाग, कार्यक्रमका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटीले विश्व प्राथमिक उपचार दिवसका दिन प्रेस विज्ञप्ति जारी गरी नेपाल रेडक्रसका प्राथमिक उपचार प्रशिक्षक र स्वयंसेवकहरूलाई उनीहरूको योगदानको सराहना गर्दै बधाई तथा शुभकामना व्यक्त गरेको छ । प्रेस विज्ञप्तिमा भनिएको छ - “घाइते वा बिरामीलाई स्वास्थ्य संस्थामा पुर्‍याउनु वा दक्ष चिकित्सा सेवा प्राप्त हुनुभन्दा पहिला गरिने चरणवद्ध तौरतरिकाहरू प्रयोग गरी घाइते वा बिरामीको जीवन बचाउन, अवस्था झन्-झन् बिग्रन नदिन र अवस्थामा सुधार ल्याउन तत्काल खटिने र प्रबर्द्धनको लागि लागि पर्ने नेपाल रेडक्रसका एक हजार दुई सय पचास जना प्रशिक्षक र ३० हजार प्राथमिक उपचार स्वयंसेवकहरूको योगदानको सराहना गर्दै आजको दिनमा बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।”

प्राथमिक उपचारको महत्वका विषयमा समुदायमा चेतना अभिबृद्धि गर्ने र प्राथमिक उपचार स्वयंसेवकहरूलाई सम्मान गरी उत्प्रेरणा बढाउने उद्देश्यले हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिबारका दिनलाई विश्व प्राथमिक उपचार दिवसको रूपमा संसारभर मनाउने गरिएको छ ।

दिवसका अवसरमा नेपाल रेडक्रस सोसाइटी **बाँके** जिल्ला शाखाद्वारा सडक दुर्घटनाका घाइतेलाई प्रदान गरिने प्राथमिक उपचार सेवाका बारेमा कृत्रिम



घटना अभ्यास प्रदर्शन गरी विश्व प्राथमिक उपचार दिवस मनाइएको छ ।

दिवसका अवसरमा आयोजित कार्यक्रममा बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झनाले प्राथमिक उपचारको सामान्य ज्ञान र सीप सबैमा हुनु आवश्यक रहेको बताउँदै घटनास्थलमा तत्काल घाइतेलाई प्राथमिक उपचार सेवा प्रदान गर्न सके धेरैको जीवन रक्षा हुने बताउनुभयो ।

कृत्रिम घटना अभ्यासमा हातको बन्द भँचाई, खुट्टाको खुल्ला भँचाई एवं रक्तश्राव, मुटु र फोक्सो पुनर्सञ्चालन प्रक्रिया (सिपीआर) र घाइतेलाई सुरक्षित आसनमा राख्ने तारिकाहरूको प्रदर्शन गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटी **कैलाली** जिल्ला शाखाको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी गौरीगंगा उपशाखाको आतिथ्यतामा गौरीगंगा नगरपालिका मसुरियामा साझाबजारमा घाइतेको प्राथमिक उपचार प्रदर्शनी र र्‍यालीको आयोजना गरी विश्व प्राथमिक उपचार दिवस मनाइएको छ ।

यसैगरी नेपाल रेडक्रस सोसाइटी **कालीकोट** जिल्ला शाखाले जुनियर युवा रेडक्रस सर्कलमा प्राथमिक उपचारसम्बन्धी अभिमुखीकरण तथा वृक्षारोपण र जेष्ठ नागरिकहरूको घरदैलो कार्यक्रमका साथ स्वास्थ्य परामर्श कार्यक्रम सञ्चालन गरी दिवस मनाएको छ ।

नेपाल रेडक्रस सोसाइटी **बागलुङ** जिल्ला शाखाको कार्यालयमा विभिन्न विद्यालयका जुनियर तथा युवा रेडक्रसका पदाधिकारी र शिक्षक नायकहरूसँग प्राथमिक उपचारसम्वन्धी अन्तर्क्रिया कार्यक्रम गरी विश्व प्राथमिक उपचार दिवस मनाइएको छ ।

विश्व प्राथमिक उपचार दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशको प्राविधिक सहयोग तथा युवा रेडक्रस सर्कल श्री मंगला माध्यमिक विद्यालय सोती पसल, **लमजुङ**को आयोजनामा सञ्चालित दुई दिने प्राथमिक उपचार तालिम सम्पन्न भएको छ । मध्यनेपाल नगरपालिकाका सामुदायिक विद्यालयका शिक्षक नायक र युवा तथा जुनियर विद्यार्थीहरूसमेत ४५ जनाको सहभागिता रहेको उक्त तालिमको मध्यनेपाल नगरपालिकाका प्रमुख रमेशकुमार पाण्डेले गर्नुभएको थियो ।

सो अवसरमा सहभागीहरूलाई प्राथमिक उपचारका आधारभूत सिद्धान्तहरू, प्राथमिक उपचारका मुख्य चार चरणहरू, आपत्कालीन अवस्थाहरू बेहोसी, गला लाग्नु, ठूलो रक्तश्राब र आन्तरिक रक्तस्राव, क्षोभ, पोलाइ, टोकाइ र बिष सेवन, घाउ र पट्टी तथा घाइतेको ओसारपसारका सीपहरूको बारेमा सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । सो अवसरमा गण्डकी प्रदेशका महासचिब रामदत्त पौडेल तथा गण्डकी प्रदेश प्राथमिक उपचार समितिका संयोजक एवं प्रदेश सदस्य कृष्णचन्द्र पाण्डेले तालिमको सहजीकरण गर्नुभएको थियो । ●

# आत्महत्या रोकथामबारे अभिमुखीकरण सम्पन्न

चितवन, भाद्र २२ गते । हिन्दु नारीहरूको महान पर्व हरितालिका तीजको अवसरमा नेपाल रेडक्रस सोसाइटी **चितवन** जिल्ला शाखाको आयोजनामा मनोसामाजिक सहयोग तथा आत्महत्या रोकथाम अभिमुखीकरण एवम् तीजको शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी चितवन जिल्ला कार्यसमितिका सदस्य एवं लैङ्गिक तथा सामाजिक समावेशीकरण समितिकी संयोजक अनु गौतमको सभापतित्वमा भएको सो कार्यक्रम वागमती प्रदेश सभा सदस्य माननीय माया श्रेष्ठको प्रमुख



आतिथ्यतामा सम्पन्न भएको थियो । नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य हरिप्रसाद पौडेल विशिष्ट अतिथि रहनुभएको उक्त कार्यक्रममा चितवन शाखाअन्तर्गत गठित ४१ उपशाखाका महिला दिदी वहिनीहरू, शाखा तथा रक्तसञ्चार सेवामा कार्यरत महिला कर्मचारीहरू को १०० जना भन्दा बढीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा रेडक्रसकर्मी नीता ढकाल र बीरेन्द्र पोखरेलले सहजीकरण गर्नुभएको थियो भने जिल्ला कार्यसमितिका सदस्य शारदा शर्मा पौडेलले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

यसैगरी “आशा जगाऔं, जीवन बचाऔं” भन्ने नाराका साथ मनाइएको विश्व आत्महत्या बिरुद्धको दिवसका अवसरमा युवा रेडक्रस सर्कल बरुण बहुमुखी क्याम्पस खाँदवारीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम नेपाल रेडक्रस सोसाइटी **संखुवासभा** जिल्ला शाखा र जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा सम्पन्न भएको थियो । ●

# भुटान रेडक्रसका दुई टोलीबाट नेरेसोको अध्ययन अवलोकन भ्रमण





काठमाडौं, साउन । भुटान रेडक्रस सोसाइटीका कर्मचारी र स्वयंसेवकहरूले नेपाल रेडक्रस सोसाइटीको अवलोकन भ्रमण गर्नुभएको छ। भ्रमण टोलीलाई स्वागतसहित नेपाल रेडक्रस सोसाइटीले गरिरहेका गतिविधिहरूका बारेमा महामन्त्री भूपतिलाल श्रेष्ठले जानकारी गराउनुभएको थियो । सो अवसरमा कोषाध्यक्ष वीरवहादुर वस्नेतसहित सोसाइटीका कर्मचारीहरूको सहभागिता रहेको थियो।

भुटान रेडक्रस सोसाइटीबाट पहिलो चरणमा साउन १६ गते गरिएको यस भ्रमणमा भुटान रेडक्रसका कर्मचारी र स्वयंसेवक गरी २८ जनाको सहभागिता रहेको थियो। भ्रमण टोलीले रुपन्देही जिल्ला शाखाको भ्रमणसँगै लुम्बिनीको पनि भ्रमण गरेको छ।

भ्रमणको मुख्य उद्देश्य नेपाल रेडक्रस सोसाइटीले गरेका संस्थागत र विकासात्मक गतिविधि तथा सेवाहरूको बारेमा जानकारी हाँसिल गर्ने तथा नेपाल रेडक्रसको असल अभ्यास र ज्ञानलाई भुटान रेडक्रसको सेवा तथा विकासमूलक गतिविधिहरूमा अवलम्वन गर्ने रहेको छ।

यसैगरी दोस्रो चरणमा भुटान रेडक्रस सोसाइटीको २८ सदस्यीय कर्मचारी र स्वयंसेवकहरूको टोलीलाई नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले साउन ३२ गते नेरेसो केन्द्रीय कार्यालमा स्वागत तथा सम्मान गर्नुभयो।

सोही अवसरमा कार्यकारी निर्देशक ढकालले भुटानी टोलीलाई नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरिहेको आकस्मिक सेवा र विकासमूलक कार्यक्रमहरूको बारे जानकारी गराउनुभयो। कार्यकारी निर्देशक ढकालले बि. सं. २०७२ सालको भूकम्पका बेला भुटानी रेडक्रसका स्वयंसेवकहरूबाट प्राप्त सहयोगको सराहना गर्दै धन्यवाद ज्ञापन गर्नुभयो। कार्यक्रममा नेरेसो जुनियर तथा युवा विभागका निर्देशक मोना अर्याल र मानवीय मूल्य तथा सञ्चार विभागका निर्देशक धर्मदत्त विडारी लगायतका अन्य कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो। भ्रमण टोलीको नेरेसो रुपन्देही जिल्ला शाखाको भ्रमणसँगै लुम्बिनीको भ्रमणपश्चात भक्तपुर र काठमाडौंको भ्रमण गरेको छ। ●

# निःशुल्क रगत उपलब्ध गराउन सम्झौता

भाद्र ३ गते । काठमाडौंको कीर्तिपुर नगरपालिका वासीलाई निःशुल्क रगत उपलब्ध गराउने र रगत आपूर्तिमा सहयोग पुऱ्याउने उद्देश्यका साथ नगरपालिका र नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालय बीच एक सम्झौता भएको छ।

कीर्तिपुर नगरपालिकामा आयोजित एक कार्यक्रममा कार्यवाहक नगरप्रमुख शुभलक्ष्मी शाक्य (सुनिता) र नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले निःशुल्क रगत उपलब्ध गराउने सम्झौता पत्र आदानप्रदान गर्नुभएको थियो।

कार्यवाहक नगरप्रमुख शाक्यले कीर्तिपुर नगरवासीहरुलाई निःशुल्क रगत उपलब्ध गराउनका लागि गतवर्षहरूदेखि नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्य प्रंशसनीय रहेको बताउनुभयो। उपत्यकामा नै पहिलो पटक निःशुल्क रगत उपलब्ध गराउने अभियान कीर्तिपुर नगरपालिकाले शुरु गरेकोमा अहिले अन्य पालिकाहरूबाट पनि सुरु भएको सुन्दा आफू खुशी भएको समेत कार्यवाहक नगरप्रमुख शाक्यले बताउनुभयो।



नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले आवश्यकताका आधारमा नेपाल रेडक्रस केन्द्रीय रक्तसञ्चार सेवाले विरामीका लागि आवश्यक रगत उपलब्ध गराउँदै आएको बताउँनु हुँदै रक्तसञ्चार सेवाका लागि सहयोग गर्नुहुने स्वयंसेवी रक्तदाता, सहयोग गर्ने पालिकाहरू र रक्तसञ्चार सेवाका क्षेत्रमा कार्यरत सबैलाई रक्तदानमा सहभागी हुन अनुरोध गर्नुभयो। कार्यकारी निर्देशक ढकालले केन्द्रीय रक्तसञ्चार सेवाले सरल, शुलभ र गुणस्तरीय सेवा उपलब्ध गराउन प्रतिवद्ध रहेको पनि बताउनुभयो।

सम्झौता पत्रमा नेपाल रेडक्रस सोसाइटीका तर्फबाट उपमहामन्त्री मनोजकुमार थापा, निर्देशक दिव्यराज पौडेल, उपनिर्देशक डा. प्रकाश यादव र नगर पालिकाको तर्फबाट प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद बास्कोटा र स्वास्थ्य शाखाप्रमुख सन्तमान मानन्धरले हस्ताक्षर गर्नुभएको थियो। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवा तथा र नगरपालिकाका उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो।

काठमाडौंमा कीर्तिपुर, टोखा, चन्द्रागिरी, कागेश्वरी मनोहरा र तारकेश्वर नगरपालिकाले नेपाल रेडक्रस सोसाइटीसँगको साझेदारीमा नगरवासीलाई निःशुल्क रगत उपलब्ध गराउँदै आएका छन्। ●

# डेंगु रोकथाम तथा नियन्त्रणमा एकजुट होऔं




भोला शंकर धिमिरे
कार्यक्रम संयोजक, नेरेसो, स्वास्थ्य सेवा विभाग

हाल नेपालमा करिब २७ हजार ९ सय ६८ जति डेंगु संक्रमितहरू नेपाल सरकारको तथ्याङ्कमा अद्यावधिक भैसकेको अवस्था छ । समुदायमा डेंगु रोगजस्तै लक्षण भएका कतिपय मानिसहरू उपचार नगराई घरमै बसिरहनु भएको पनि हुनुहुन्छ होला । यो समय डेंगु रोगको प्रभाव एकदमै बढ्ने समय हो। अघिल्लो वर्ष नेपालमा डेंगु संक्रमितको कूल संख्या ५० हजारभन्दा बढी थियो। आगामी वर्षहरूमा पनि यो क्रम रहने अनुमान गरिएको छ। यस वर्ष नेपाल सरकार, विश्व स्वास्थ्य संगठन लगायत अन्य संघसंस्था र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा डेंगु रोग फैलिन सक्ने आँकलन गरिएको छ ।

बाढीपहिरो, भूकम्पजस्ता महामारी कतिखेर आउँछ कसैलाई थाहा हुँदैन । तर पानी परिसकेपछि लामखुट्टेको वृद्धि हुने समय हो भनेर सजिलै यकिन गर्न सकिने भएकोले यस्ता स्वास्थ्यसँग सम्बन्धित महामारीहरूको आँकलन गर्न सकिन्छ । त्यसैले सबै जनाले पूर्वतयारी र रोकथामका कामहरू गर्नु अपरिहार्य रहेको छ । फलस्वरूप हामी रोगबाट बच्न सक्छौं र यसबाट हुनसक्ने जोखिमलाई पनि घटाउन सक्छौं ।

नेपाल रेडक्रस सोसाइटीले रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) सँगको साझेदारीमा सुरुवातको अवस्था अर्थात् जुनको मध्यतिर नै विपद् प्रतिकार्य आकस्मिक कोष (Imminent DREF) सञ्चालन गरेर रोकथाम तथा नियन्त्रणका कार्यहरू अगाडि बढाइएको छ । जसअन्तर्गत विशेषगरी रोकथामका गतिविधिहरू सुरु गरिएको थियो । समुदायमा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्नका लागि स्वयंसेवकहरूले घरदैलो कार्यक्रम गरिरहनु भएको छ। जनचेतना अभिवृद्धिको लागि विभिन्न रेडियो कार्यक्रमहरू, फेसबुक, ट्वीटरहरू मार्फत् र सँगसँगै समुदायहरूमा माइकिङमार्फत् सचेतना अभिवृद्धि गर्ने कामहरू जिल्लाहरूमा नेरेसोमार्फत् गरिएको छ ।



सबैभन्दा महत्वपूर्ण कुरा लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगु रोगबाट बच्ने मुख्य उपाय रहेको छ । त्यसैले आईएफआरसीको सहयोग र नेपाल सरकारको साझेदारीमा हामीले देशव्यापी रूपमा **खोज र नष्ट गर** भन्ने अभियानलाई पनि सँगसँगै अगाडि बढाईरहेका छौं । जसअनुसार पानी जमेका विभिन्न ठाउँहरूमा लामखुट्टेले अण्डा र लार्भा उत्पादन गर्ने संभावित ठाउँ खोज्ने र नष्ट गर्ने कामहरू भइरहेका छन् । जसले लामखुट्टेको वृद्धि र विकासलाई रोक्नको लागि महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपाल रेडक्रस सोसाइटीले आगामी दिनमा जोखिमको मात्रा बढेमा वा डेंगुका बिरामीको संख्या बढेमा रगत वा रक्त तत्वको पनि कमि हुने भएकोले त्यससम्बन्धी उत्प्रेरणा र सचेतना जगाउने कार्यहरू पनि सञ्चालन भएका छन् । आशा गरौं, यो उत्प्रेरणा र सचेतनाले गर्दा रगतको अभाव हुने छैन । डेंगुको उपचारमा रगत र रक्ततत्वहरू आवश्यक पर्दछ । त्यसका लागि आजैदेखि कार्यहरू गर्दै आइरहेका छौं । हाल नेपालमा पनि यसको जोखिम दिनानुदिन बढ्दै गइरहेको अवस्थामा सबै जना सचेत भई यसको रोकथामको लागि सामूहिक रूपमा व्यक्ति, परिवार र समुदायको साथै सिङ्गो राष्ट्र नै लाग्नु आवश्यक छ। अत: सबै जना यस अभियानमा सहभागी बनौं र लामखुट्टेको वृद्धि र बिकास हुने ठाउँहरूलाई रोकौं । साथै सबैजनाले लामखुट्टेको टोकाईबाट बच्ने उपायहरू अवलम्बन गरौं । ●

## बिभिन्न जिल्लाहरूमा राहत बितरण

नेपाल रेडक्रस सोसाइटी मुस्ताङ जिल्ला शाखाले कागबेनीका दैनिक ज्यालादारी गरी जीविका चलाउने बाढी प्रभावितहरूका लागि नगद सहयोग गरेको छ ।

साउन २८ गतेको कागबेनी बाढीबाट प्रत्यक्ष प्रभावित १८ जनालाई नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको समन्वयमा नगद सहयोग स्वरूप प्रति व्यक्ति तीन हजार रुपैयाका दरले हस्तान्तरण गरिएको हो ।

नगद सहयोग बारागुङ गाँउपालिकाका अध्यक्ष रिनजीङ नामगेल गुरुङ उपाध्यक्ष ढिकी गुरुङ र नेपाल रेडक्रस सोसाइटी मुस्ताङ जिल्ला शाखाका सभापति चन्द्रबहादुर थकालीले बाढी प्रभावितहरूलाई हस्तान्तरण गर्नुभएको थियो ।

यसैगरी नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाद्वारा बाढीका कारण क्षति पुगेका २५ घरपरिवारलाई नगद रु. १५ हजार र घरेलु समान वितरण गरिएको शाखाले जनाएको छ । ●

## डेंगु रोकथाम र नियन्त्रण गतिविधिहरु

नेपाल रेडक्रस सोसाइटीको भक्तपुर जिल्ला शाखाद्वारा डेङ्गु रोकथाम तथा प्रतिकार्य कार्यक्रम अन्तर्गत छालिङ उपशाखासँगको समन्वयमा सरसफाइ र जनचेतनामूलक गतिविधिहरूका साथ लामखुट्टे खोज र नस्ट गर अभियान सञ्चालन गरेको छ।

नेपाल रेडक्रस सोसाइटी बागलुङ जिल्ला शाखाद्वारा ताराखोला र काठेखोला गाउँपालिकाका बिभिन्न समुदायमा वातावरण सरसफाइ ,महिनावारी, डेंगु, आँखा पाक्ने रोग तथा अन्य स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको शाखाले जनाएको छ।

भाद्र ५ गते नेपाल रेडक्रस सोसाइटी ललितपुर जिल्ला शाखाद्वारा ललितपुरको महालक्ष्मी नगरपालिका ४ स्थित ग्लोबल एकेडेमीका विद्यार्थी र शिक्षकहरूका लागि डेंगु रोग रोकथाम र नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको शाखाले जनाएको छ ।

नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला शाखाको सहकार्य र बूढानीलकण्ठ उपशाखाको आयोजनामा "लार्भा खोजौं र नष्ट गरौं जनचेतना अभियान " अन्तर्गत बूढानिलकण्ठ नगरपालिकाको १ देखि ७ नं. वडाका बस्ती, फर्म, वर्कशप, मन्दिर, होटल, कारखाना, स्कूल र विभिन्न स्थानमा जनचेतना अभियान तथा अभिमुखीकरण सम्पन्न गरिएको शाखाले जनाएको छ । ●

## लामखुट्टेको टोकाइबाट हुने डेंगुका विरामी बढिरहेकोले,

- पुरा बाहुला भएका लुगा लगाउने ।
- झुलभित्र मात्र सुत्ने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने गरी जाली हाल्ने ।
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने ।
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फुलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक सफा गर्ने ।
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोपेर राख्ने ।
- साँझ र विहान करेसावारी, चोक वजार तिर जाँदा वा घर वाहिर निस्कँदा सावधानी अपनाउने । ●

# प्राथमिकताको रुपमा संस्थाको नवीकरणलाई जोड दिइएको छ । प्रा.सुदर्शन नेपाल, अध्यक्ष नेरेसो

*नेपाल रेडक्रस सोसाइटीको २०८० साउन २ र ३ गते सम्पन्न विशेष महाधिवेशन र अबको प्राथमिकताको बारेमा नवनिर्वाचित अध्यक्ष प्रा. सुर्दशन प्रसाद नेपालसँग नेरेसोका सञ्चार अधिकृत कृष्ण नेपालले गर्नुभएको कुराकानीको संक्षेप ।*

**नेपाल रेडक्रस सोसाइटीको निर्वाचन विशेष महाधिवेशन सम्पन्न भएको छ, लामो समयदेखि हुन नसकेको निर्वाचन अहिले कसरी सम्भव भयो ?**

नेपाल रेडक्रस सोसाइटीमा लामो समयदेखि गतिरोधको सिर्जना भई संस्था अनिर्णयको स्थितिमा पुगेको अवस्था थियो । यस्तो अवस्था सिर्जना भइराख्दा संस्थालाई सुचारु र व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्छ भन्ने हिसाबले थुप्रै तदर्थ समितिहरू गठन भए । तदर्थ समितिहरू गठन भएता पनि असजिलो र अप्ठ्यारो अवस्था बढ्दै गयो । जुन कुरा रेडक्रसजस्तो स्वयंसेवी एवं मानवीय संस्थामा नहुनु पर्ने थियो । यस बीचमा संस्थाले विभिन्न अवरोधहरू पार गर्दै आयो र निश्चित रूपमा संस्थाको छवि प्रर्वद्धनको कुरालाई आधार मानेर प्रधानमन्त्रीदेखि लिएर विभिन्न सरोकारवाला लगायत संघसंस्था र राज्यका इकाईहरूसँगको भेटघाटबाट आएको निचोडले पनि संस्थाको निर्वाचनमै जोड दिइएको थियो । कानुनी प्रक्रिया अनुसार कानुनविद्हरूद्वारा गठन गरिएको एउटा निर्वाचन मण्डलबाट नै संस्थाको निर्वाचन सम्पन्न भएको छ ।

**निर्वाचन विशेष महाधिवेशनमा समग्रमा प्रदेश र जिल्लाहरुको सहभागिता कस्तो रहेको थियो ?**

हाम्रो राज्यको संरचनाअनुसार ७७ जिल्लामा नेरेसोको जिल्ला शाखा रहेका छन् । ७७ जिल्ला मध्ये ७६ वटा जिल्लाहरूमा शाखाको निर्वाचन भइसकेको छ । सातै प्रदेशमा निर्वाचन पनि भइसकेको अवस्था थियो । ती ७० जिल्ला र ७ प्रदेशको निर्वाचनबाट आधिकारिक रूपमा छनौट भएका प्रतिनिधिहरूको सहभागिताबाट विशेष महाधिवेशन सम्पन्न भयो । महाधिवेशन कानुनी प्रक्रियाअनुसार प्रजातान्त्रिक रूपमा प्रतिस्पर्धामार्फत् सम्पन्न गरिएको छ ।

**पदबहाली पश्चात् नेपाल रेडक्रस सोसाइटीको कार्यसमितिको बैठक पनि सम्पन्न भइसकेको छ । बैठकले भावी कार्ययोजना र प्राथमिकताहरु तय गरेको छ कि ?**

केन्द्रीय कार्यसमितिको पदबहाली पश्चात भएको पहिलो केन्द्रीय कार्यसमितिको बैठकले संस्थामा भएका केही मुद्दाहरूमा तत्कालीन रूपमा गर्नुपर्ने कुराहरूलाई पनि निर्णय प्रक्रियामा लगिएको छ ।

> **संस्था नवीकरण नभएको कही वर्ष भयो र वैधानिककताका लागि नवीकरण गरिसक्नुपर्ने व्यवस्था भएकोले पहिलो कार्ययोजना र प्राथमिकताको रुपमा संस्थाको नवीकरणलाई जोड दिइएको छ । यसको साथसाथै राजस्व छुट र रेडक्रस कानुन (Red Cross Act) निर्माणमा पनि नेपाल सरकार, विभिन्न संघ, संस्था, राज्यदेखि आईएफआरसी, आईसीआरसीसँग समन्वय गर्नेतर्फ उन्मुख छौं ।**

**पछिल्लो समय केही सञ्चार माध्यमहरुमा र रेडक्रसकर्मीबीचमा रेडक्रसको छवी प्रर्वद्धनका बारे धेरै जिज्ञासा र चिन्ता प्रकट भएको देखिन्छ, रेडक्रसको छवी प्रवर्द्धनमा निर्वाचित कार्यसमितिले केही सोच बनाएको छ कि?**

वास्तवममा नेपाल रेडक्रस सोसाइटीको मूल्य मान्यता र संस्थाको छवीलाई प्रवर्द्धन गर्नै पर्छ । पहिला नेपाल रेडक्रस सोसाइटीले १९२ मूलुकको राष्ट्रिय सोसाइटीहरूमा लगभग दशौं स्थानमा आफ्नो छवीलाई प्रवर्द्धन गर्न सफल भएको थियो तर हामी हाल यो अवस्थामा छैनौं । तर पनि रेडक्रस एउटा विशुद्ध र स्वयंसेवी संस्था भएकोले कुनै पनि विपद्को घटनाहरू घटिहालेमा सबैभन्दा पहिला मानिसहरूले सम्भिने भनेकै रेडक्रस नै हो । रेडक्रसले गर्ने गतिविधिहरूमा सबैको विश्वास र स्वीकार्यता अझै पनि देख्न सकिन्छ । यसलाई निरन्तरता दिन र रेडक्रसको छवी प्रवर्द्धन गर्न निश्चित रूपमा कार्यसमितिले रेडक्रस चिन्हको प्रयोग र दुरूप्रयोगलाई कम गर्न विशेष रूपमा जोड दिएको छ । आगामी दिनमा कार्यसमितिले गर्ने हरेक गतिविधिहरू रेडक्रसको छवी प्रवर्द्धनसँग सम्बन्धित रहनेछ ।

**नेपाल रेडक्रस भन्ने वित्तिकै विपद् र महामारीको समयमा अग्रस्थानमा रहेर काम गर्ने संस्थाको रुपमा चिनिन्छ । हरेक वर्षजस्तै यसवर्ष पनि बाढी र पहिरोका कारण धनजनको क्षति हुने क्रम जारी नै छ र पछिल्लो समय डेंगी पनि महामारी कै रुपमा बढीरहेको अवस्था छ, यसमा नेपाल रेडक्रस सोसाइटीको तयारी कस्तो रहेको छ ?**

नेपालको सन्दर्भमा भौगोलिक बनावटको हिसाबले हिमाल, पहाड र तराई छ । यहाँ विभिन्न



समयमा विभिन्न विपद् र महामारीहरू आइपर्ने सम्भावना रहिरहन्छ । महामारीको रूपमा फैलिएको कोभिड-१९ ले अहिले विस्तारै उन्मुक्ति पाउनेतर्फ रहेको छ भने मनसुनको समयमा बाढीपहिरो र डेंगुको महामारीको संभावना पनि उत्तिकै छ । यस्ता विपद् र महामारीहरू आउने क्रम जारी नै रहन्छ । तसर्थ नेपाल रेडक्रस यस्ता विपद् तथा महामारीलाई न्यूनीकरण गर्न सदैव पूर्वतयारीका साथ रहेको हुन्छ । नेपाल रेडक्रसका गतिविधिहरूमा केन्द्रीय कार्यसमितिले मात्र सबै गतिविधि गर्ने होइन । ७७ जिल्ला शाखाहरू छन् । ती जिल्ला शाखाका स्वंयसेवकहरू कामप्रति अत्यन्तै प्रतिबद्ध हुनुहुन्छ । उहाँहरूले जुनसुकै परिस्थितिमा पनि सर्तकतापूर्वक काम अगाडि बढिरहनुभएको छ । उहाँहरूको त्यो कार्यबाट हामी सन्तुष्ट छौं । कतिपय अवस्थामा स्रोत र साधनको अभाव चुनौतीको रूपमा रहन्छ । तथापि पूर्णताको कार्य तर्फ उन्मुख हुनु हाम्रो कर्तव्य हो । अहिले तत्कालै हामीले विभिन्न जिल्लाहरूमा ५० परिवारसम्मको लागि राहत सामग्रीहरू संचयमा राख्ने र दुर्गम क्षेत्रहरूमा राहत सामग्री ढुवानीमा समस्या हुने भएकोले व्यवस्थापनको लागि अन्य निकायहरूसँग सहयोग लिएर अगाडि बढ्ने व्यवस्था गरेका छौं । मानवीय सेवामा लागेको हुनाले कुनै पनि प्रकोपको परिस्थितिमा यो संस्था जहिले पनि अग्रगामी भूमिका निर्वाह गर्न तत्पर छ ।

**कुराकानीको अन्त्यमा छौं । हाम्रा पाठकहरुलाई तपाईंको मूख्य सन्देश के छ ?**

रेडक्रसप्रेमी लगायत रेडक्रसप्रति शुभ चिन्ता राख्ने सम्पूर्ण सरोकारवाला निकायहरूलाई मेरो तर्फबाट हार्दिक आभार र धन्यवाद । सम्पूर्ण स्वंयसेवक, कर्मचारी र रेडक्रसकर्मीहरूलाई कामप्रति प्रतिबद्धता, क्रियाशीलता र गतिशिलताका साथ अघि बढ्न अनुरोध गर्न चाहन्छु । ●

नेपाल रेडक्रस सोसाइटीका पूर्व कार्यकारी निर्देशक तीर्थराज वन्तलाई नेरेसोको ६१औं स्थापना दिवसका अवसरमा आयोजित विशेष कार्यक्रममा सम्मानित गर्दै नेरेसोका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपाल । नेपाल रेडक्रस सोसाइटीमा रही निरन्तर मानवीय सेवा पुर्‍याउने क्रममा संस्थाको केन्द्रीय कार्यालयमा कार्यकारी निर्देशकको पदमा रही कार्य गर्दा नेरेसो कर्मचारी कल्याण कोषको स्थापना गरी समग्र कर्मचारीहरूको हितमा सहयोग पुर्‍याउनु भए बापत श्री वन्तलाई नेरेसोले सम्मान गरेको हो ।



## "आगामी दिनमा पनि रेडक्रसको झण्डा फहराउने छु" - पर्वतारोही शेर्पा

मैले आजभन्दा ६ वर्ष अगाडि नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाबाट प्राथमिक उपचारको तालिम लिएको थिएँ। त्यस दिनदेखि म नेपाल रेडक्रस सोसाइटीले गर्ने गतिविधिहरूबाट धेरै खुशी छु । मलाई नेपाल रेडक्रस सोसाइटी सोलुखुम्बु जिल्ला शाखाका सभापति रामकाजी श्रेष्ठ र कोषाध्यक्ष सुरेश खड्काले नेपाल रेडक्रस सोसाइटीको झण्डा सगरमाथामा लगेर फहर्‍याइदिनु पर्‍यो भनेर अनुरोध गर्नुभयो र मैले त्यो अनुरोधलाई स्वीकार गरेर नेपाल रेडक्रस सोसाइटीको झण्डालाई सगरमाथामा लगेर फहर्‍याउन सफल भएँ।

म रेडक्रस सोलुखुम्बु जिल्ला शाखाको आजीवन सदस्य पनि हो। सोलुखुम्बु जिल्लाको प्रसिद्ध धार्मिकस्थल दुधकुण्डमा तीर्थयात्रीका लागि नेपाल रेडक्रस सोसाइटी टाक्सिन्दु उपशाखाले सञ्चालन गर्ने प्राथमिक उपचार शिविरमा पनि समयसमयमा सहयोग गर्दै आइरहेको छु। आगामी दिनमा पनि नेपाल रेडक्रस सोसाइटीको झण्डा सर्वोच्च शिखर सगरमाथामा लगेर फहराउने मेरो योजना छ।



**नेरेसोको ६१औं स्थापना दिवस भाद्र १९ का अवसरमा आयोजित सम्मान कार्यक्रममा बोल्दै सगरमाथा आरोही मिङमार शेर्पा ।**





## सुर्खेत र सिन्धुलीमा मोतिबिन्दुको शल्यक्रिया सम्पन्न

नेपाल रेडक्रस सोसाइटी सुर्खेत आँखा अस्पताल, भिजन टुगेदर नेपाल, डोल्पो बुद्ध गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी डोल्पा जिल्ला शाखाको सहकार्यमा हिमाली जिल्ला डोल्पाको धो तरापमा दुई दिने निःशुल्क मोतिबिन्दु शल्यक्रिया शिबिर सञ्चालन गरिएको छ। सो शिविरमा ३४ जना सेवाग्राहीको सफल शल्याक्रिया सम्पन्न भएको छ।

यसैगरी नेपाल रेडक्रस सोसाइटी सामुदायिक आँखा शल्यक्रिया केन्द्र सिन्धुलीमा ५४ जना मोतियाबिन्दु भएका बिरामीहरूको निःशुल्क आँखाको शल्यक्रिया कार्यक्रम सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी श्री जानकी आँखा अस्पताल जनकपुर, तेज कोहिल एण्ड रुइत फाउन्डेसन र कमलामाई नगरपालिकाको सहयोगमा सम्पन्न उक्त शल्यक्रिया कार्यक्रम जानकी आँखा अस्पतालका मेडिकल डाइरेक्टर एवं आँखा रोग विशेषज्ञ डा.आशिष बोहराको नेतृत्वको टीमद्वारा सम्पन्न गरिएको थियो। ●